प्रतिदिन
१५ औं
वार्षिकोत्सव

राष्ट्रिय दैनिक
प्रतिदिन
PRATIDIN NATIONAL DAILY

प्रतिदिन
हर प्रहर ताजा खबर!
लगइन गर्नुहोस्
विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१५ ।। अङ्क : २८ ॥ २०७९ फागुन १७ गते बुधवार (29th Feb 2023 Wednesday)   **Pratidin** National Daily   dNo-?:%÷-

चुनौतीपूर्ण सत्ता समीकरण

झापा(प्रस) । नेकपा माओवादी केन्द्रले सहमति तोड्दा दोस्रो ठूलो दल एमाले सत्ताबाट बाहिरिएपछि पहिलो ठूलो दल कांग्रेस सत्तामा जाने तयारीमा छ । तर, यो समीकरण एमालेसँगको भन्दा कम चुनौतीपूर्ण भने छैन । यहीबेला विश्वासको मत लिनुपर्ने, मन्त्रिपरिषद् विस्तार गर्नुपर्ने र राष्ट्रपति चुनावमा समेत रणनीतिक कौशलता देखाउनुपर्ने चुनौतीमा प्रधानमन्त्री पुष्पकमल दाहाल छन् ।

राप्रपा र एमाले सत्ताबाट बाहिरिएपछि प्रधानमन्त्रीले १३ पुसको ३० दिनभित्र प्रतिनिधिसभामा विश्वासको मत लिनुपर्ने भएको छ । यी दुई दल बाहिरिएपछि १६ वटा मन्त्रालय खाली भएका छन् । यसको भारसमेत प्रधानमन्त्रीमाथि परेको छ ।

प्रधानमन्त्री दाहाल राष्ट्रपतिको चुनावपछाडि नै विश्वासको मत लिने भएका छन् । सञ्चार तथा सूचना प्रविधिमन्त्री एवं नेपाल सरकारकी प्रवक्ता रेखा शर्माले राष्ट्रपतिको निर्वाचनपछि मात्रै मन्त्रिपरिषद् बिस्तार हुने बताएकी छन् । मन्त्रिपरिषद्ले मंगलबार गरेको निर्णय सुनाउन मन्त्रालयमा आयोजित पत्रकार भेटघाटमा बोल्दै उनले मन्त्रिपरिषद् विस्तार राष्ट्रपतिको निर्वाचनपछि हुने बताएकी हुन् ।

नयाँ गठबन्धन बनेको र को-को सरकारमा जाने भन्ने विषयमा पनि छलफल गर्नुपर्ने भएकाले त्यसको टुंगो लागिसकेपछि मात्रै मन्त्रिपरिषद् विस्तार हुने उनको भनाइ छ । त्यस्तै प्रधानमन्त्रीले विश्वासको मत पनि राष्ट्रपतिको निर्वाचन पछि मात्रै लिने उनले जानकारी गराइन् ।

कांग्रेस उपसभापति पूर्णबहादुर खड्काले राष्ट्रपति निर्वाचन अगाडि प्रधानमन्त्रीले विश्वासको मत लिने र मन्त्रिपरिषदले पूर्णता पाउने अवस्था नदेखेको बताए ।

राष्ट्रपति निर्वाचनलाई केन्द्रित गरेर १८ फागुनमा काठमाडौंमा राष्ट्रिय सभा र प्रतिनिधिसभाका सांसदसँग छलफल हुने जानकारी उनले दिए । त्यसको भोलिपल्ट १९ फागुनमा सातवटै प्रदेशमा दिउँसो १ बजे प्रदेश सांसदसँग छलफल हुनेछ । यी छलफलमा ८ वटै दलका शीर्ष नेताहरू सहभागी हुनेछन् ।

एमाले, राप्रपा र रावस्पा सरकारबाट बाहिरिएपछि प्रधानमन्त्रीसँग १६ वटा मन्त्रालय छन् । त्यसैले छिटोभन्दा छिटो मन्त्रिपरिषद् विस्तार गरेर जिम्मेवारी दिनुपर्ने चुनौती प्रधानमन्त्रीलाई छ ।

नयाँ समीकरणमा कांग्रेस, माओवादी, जसपा, नेकपा एस, लोसपा, जनमत, नागरिक उन्मुक्ति र राष्ट्रिय जनमोर्चालाई मिलाएर लैजानुपर्ने चुनौती छ । यी सबै दलले सरकारमा सहभागी हुने तयारी गरिरहेका छन् । यस्तोमा सबैलाई भागबण्डा मिलाएर अगाडि बढ्नुपर्ने चुनौती पनि प्रधानमन्त्री सामु छ ।

अघिल्लोपटक एमालेसँगको समीकरणमा जसपा, जनमत र नागरिक उन्मुक्तिलाई मिलाउन नसक्दा मन्त्रिपरिषद् विस्तारमा समस्या र भएपछि पनि विवाद भएको थियो । सम्मानजनक हिस्सा र मन्त्रालय नपाएपछि जसपा समर्थन दिएर पनि सरकारमा सहभागी भएको थिएन । जनमत पार्टी पनि केही समय घुर्क्याएपछि बल्ल सरकारमा सहभागी भएको थियो । यसपटक पनि पहिलेको जति नै दल सहभागी भएपछि प्रधानमन्त्रीलाई भागबण्डा मिलाउन सहज देखिन्न ।

प्रधानमन्त्री भएदेखि नै एमाले अध्यक्ष केपी ओलीसामू निरीह बन्नुपरेको भन्दै दाहाल कांग्रेसको कित्तामा पुगेका थिए । प्रभावशाली मन्त्रालयको भागबन्डा, उच्चस्तरीय राजनीतिक संयन्त्र, सरकारमा सहभागी दलसँगको समन्वयमा प्रधानमन्त्री होइन, ओली हावी भएको चिन्ता दाहालको थियो ।

यतिमात्रै होइन ७९ सीट जितेको एमालेले ३२ सीटको माओवादीलाई प्रधानमन्त्री बनाउँदा सबै लगाम आफैं लिन खोजेको आरोप लाग्ने गर्छ । प्रधानमन्त्रीसँग अर्थ, गृह, परराष्ट्र, कानूनजस्ता कुनै पनि मन्त्रालय थिएनन् । यसैले कांग्रेससहितका दलसँगको गठबन्धनमा पहिलेका कमजोरीलाई सच्याउनुपर्ने र विश्वास जगाउँदै भागबण्डा मिलाउनुपर्ने चुनौती पनि छ ।

एमालेभन्दा ठूलो र सत्ता राजनीतिको खेलाडी कांग्रेससँगको समीकरणमा पुगेका दाहाललाई यो सन्तुलन मिलाएर अगाडि बढ्न सहज भने छैन । एमालेको जस्तै लगाम कांग्रेसले लगाउने र दबाबबाट मुक्त हुनुपर्ने चुनौती पनि दाहालसामु छ । यसका लागि कांग्रेस र यसका सभापति शेरबहादुर देउवासँग दूरी बढाउने होइन, आपसी विश्वासमा अगाडि बढ्नुपर्ने हुन्छ । शुरूआतबाटै ओलीसँग जस्तै आपसी अविश्वास र शंका देखिए समीकरणमा शुरूबाटै धाँजा आउन सक्छ । यस्तो अवस्थालाई यसपटक फेरि चिर्नुपर्ने अवस्था छ ।

इलाम कारागारका कैदीबन्दी तास–मदिरामा लठ्ठ

झापा(प्रस) ।क्षमताभन्दा बढी कैदी राख्नेदेखि खानेपानी, शौचालय, स्वास्थ्यलगायत आधार भूत आवश्यकतामा देशभरका जेलको अवस्था नाजुक रहेको गुनासो आइरहँदा इलामका कैदी-बन्दी भने इलाम कारागारलाई ‘सुधार गृह’का रूपमा रहेको बताउने गर्दथे ।

थप अपराधमा संलग्न नहुन र गरेको अपराधबाट सुधार्न कुनै पनि मुद्दामा दोषी ठहर भएका अथवा विचाराधीन मुद्दामा पुर्पक्षमा थुनामा कैदी-बन्दीलाई कारागारमा राखिन्छ । कारागारभित्र कानुनद्वारा वर्जित कुनै पनि गतिविधि, मदिरा सेवन, जुवातास तथा मोबाइल फोनसमेत प्रयोग गर्न पाइँदैन । तर, इलाम कारागारमा भने कानुनद्वारा वर्जित मदिरा, जुवातास तथा मोबाइल फोन प्रयोग हुने गरेको पाइएको छ । कैदीबन्दीले कारागार मदिरा सेवन र तासको अखडा बनाइरहेका छन् । कारागारभित्र निषेधित वस्तु प्रवेश हुनुमा कार्यालय कर्मचारी र सुरक्षाकर्मीको ‘सेटिङ’बिना सम्भव छैन । कैदीबन्दी बाहिर निस्कनै पाउँदैनन्, निस्किँदा पनि प्रहरीले हतकडी लगाएर कामको प्रयोजनका लागि लाने गरिन्छ । बाहिरका मान्छेले खानेकुरा कैदीलाई लैजाँदा लगेका सामान सबै हेरेर लैजाने व्यक्तिले चाखेपछि मात्रै प्रवेश गराइन्छ । तर, इलाम कारागारमा ‘सेटिङ’बाटै मदिरा भित्रने गरेको पाइएको छ । कैदी-बन्दी मदिरा सेवन, तास र चुरोट प्रयोग गरिरहेको भिडियोसमेत बाहिरिएको छ । जिल्ला कारागार इलामका जेलर सुमित मगर सो भिडियो कारागारभित्रकै रहेको स्वीकार गर्छन् । उनका अनुसार सो दृश्य इलाम कारागारकै रहेको र त्यहाँ देखिएका केही कैदी-बन्दी अहिले पनि यही छन् । केही छुटेर र सरुवा भइसकेका छन् ।

रुखले किचेर एकजनाको मृत्यु

झापा(प्रस)। ईलामको माई नगरपालिका-१० लुम्बाकमा रुख काट्ने क्रममा रुख ढलि रुखले किच्दा एकजनाको मृत्यु भएको छ भने अर्का घाईते भएका छन् ।

सोमबार दिउँसो १२ बजे फलेदोको रुख काट्ने क्रममा रुख ढलि किच्दा घाईते भएका महोत्तरी बर्दिबासका २८ बर्षीय हेमराज भुजेललाई उपचारको लागि बिएण्डसि अस्पताल झापा ल्याउने क्रममा बाटोमा नै मृत्यु भएको हो । घाइते मोरङ पथरी शनिश्चरेका २२ बर्षीय बिज्ञान मगरको सोही अस्पतालमा उपचार भईरहेको जिल्ला प्रहरी कार्यालय ईलामले जनाएको छ । घटना सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

भद्रपुर झापा गोल्डकपको उपाधि त्रिभुवन आर्मीलाई

MUSTANG
PREMIUM STRONG BEER
झापा गोल्ड कप २०७९
UR JHAPA GOLD CUP 2079
CHAMPIONS
WINNER

भद्रपुर(प्रस)। प्रथम भद्रपुर झापा गोल्डकपको उपाधि त्रिभुवन आर्मी फुटबल क्लबले जितेको छ ।मंगलबार भएको फाइनल खेलमा मछिन्द्र फुटबल क्लबलाई टाइब्रेकरमा ४-३ गोल अन्तरले पराजित गर्दै आर्मीले उपाधि हात पारेको हो ।

जितसँगै आर्मीले नगद १३ लाख पाएको छ । उपविजेता बनेको मछिन्द्रले ७ लाखमा चित्त बुझाएको छ ।

टाइब्रेकरमा मछिन्द्रका रेजिन धिमाल र देवेन्द्र तामाङको प्रहार आर्मीका गोलरक्षक समित श्रेष्ठले रोकेका थिए ।

टाइब्रेकरमा आर्मीका सेसेहाङ आङदम्बेको प्रहार मछिन्द्रका रक्षक विशाल श्रेष्ठले रोके ।टाइब्रेकरमा आर्मीका दिपेन्द्र कार्की, सन्तोष केसी, रिपु भुलाल र सुशान्त चौधरीले गोल गरे ।त्यस्तै टाइब्रेकरमा मछिन्द्रका दिवाकर चौधरी, सुजल श्रेष्ठ र दिपेश घलेले गोल गरे ।

निर्धारित ९० मिनेटको समय गोलरहित बराबरीमा टुंगिएपछि खेलमा थप १४ मिनेट अतिरिक्त समय खेल खेलाइयो । अतिरिक्त समयमा पनि गोल हुन नसकेपछि खेल टाइब्रेकरमा धकेलिएको थियो । टाइब्रेकरमा आर्मी भाग्यमानी सावित भयो ।

निकै प्रतिस्पर्धात्मक खेलमा मछिन्द्रले पाएका अवसर सदुपयोग गर्न सकेन । आर्मीको तुलनामा मछिन्द्रले राम्रो खेले पनि फिनिसिङ लाइन कमजोर हुँदा उपविजेतामा चित्त बुझाउन पर्‍यो ।

खेलको ७३ औँ मिनेटमा आर्मीका सुदिल राई र मछिन्द्रका ओमोलाजा करिमले आपसमा झगडा गरेपछि रातो कार्ड खाँदै मैदान बाहिरिएका थिए । उनीहरु मैदान बाहिरिएपछि दुवै टोली १० खेलाडीमा सीमित भएको थियो । खेलमा उत्कृष्ट गोलरक्षक आर्मीका समित श्रेष्ठ, उच्च गोलकर्ता मछिन्द्रका सुजल श्रेष्ठ र चर्च ब्वाइजका आशिस चौधरी, उदीयमान खेलाडी मछिन्द्रका सौरव राई, उत्कृष्ट प्रशिक्षक आर्मीका राजु तामाङ घोषित भए । उनीहरुले नगद २५ हजार पाएका थिए ।

प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी मछिन्द्रका कप्तान सुजल श्रेष्ठ भए । उनले नगद एक लाख रुपैयाँ पाए । विजेता र उपविजेतालाई कांग्रेस महामन्त्री विश्वप्रकाश शर्माले पुरस्कार प्रदान गरेका थिए ।

यसैबीच, आयोजकले लाइफ टाइम अचिभमेन्ट अवार्ड स्वरुप पूर्वफुटबलर गम्भीर राईलाई एक थान टिभिएस मोटरसाइकल प्रदान गर्‍यो ।

बिर्तामोडमा देखिन थाल्यो स्याल

बिर्तामोड(प्रस) । लोप हुन लागेको स्याल निकै वर्षपछि बिर्तामोडको बस्तीमा देखिन थालेको छ ।

उहिलेको स्याल कराएको आवाज बिर्तामोडमा फेरि सुनिने गरेको हो । बिर्तामोड ३ मा रहेको सीके प्रसाईको चियाबगानमा रात परेपछि स्याल कराउन थालेको छ ।केही महिनादेखि सामूहिक रुपमा स्याल कराउन थालेको स्थानीय अन्जु चौधरीले बताइन् । उनले दिउँसोपख पनि बालबालिकाहरुले चियाबगानमा स्याल देखेको बताइन् । चियाबगान नजिकको मुसहर बस्तीका कुखुराहरु स्यालले खाएको स्थानीयले बताएका छन् ।

विप्लब नेकपाले उठायो जनसरोकारका मुद्दा

पत्रकार सम्मेलन

दमक(प्रस)। विप्लव नेतृत्वको नेकपासम्बद्ध युवा संगठन नेपालको मेची- कोशी ब्यूरोले सांगठनिक तथा सामाजिक, राजनीतिक बिषयमा विभिन्न ६ बुँदे निर्णय सार्वजनिक गरेको छ । ब्यूरोले मंगलवार दमकमा पत्रकार सम्मेलन गर्दै फागुन १२ गते बसेको बैठकको निर्णयहरु सार्वजनिक गरेको हो ।

संगठनका कोशी ब्यूरो इञ्चार्ज आकाश सीको अध्यक्षता र पार्टीका केन्द्रीय सदस्य तथा मेची ब्यूरो इञ्चार्ज सुमन सी र संगठनका केन्द्रीय कोषाध्यक्ष सुवास सीको आतिथ्यमा बसेको बैठकले युवाहरुलाई लागूपदार्थ दुर्व्यसनबाट छुटकारा दिलाउन नवजीवन गृह निर्माण गरी उत्पादनमा जोड्ने, युवाहरुका समस्या समाधानको लागि प्रत्येक ब्यूरो र कल सेन्टर स्थापना गर्ने सहितका निर्णयहरु गरेको जनाइएको छ ।

पत्रकार सम्मेलनमा संगठनका झापा जिल्ला इञ्चार्ज प्रशान्त सीले बढ्दो महँगी, कालोबजारी, भ्रष्टाचार तथा वित्तीय संस्थाहरुको ज्यादतीका विरुद्ध भण्डाफोर कार्यक्रम गर्ने, बैदेशिक रोजगारीका नाममा युवाहरुलाई मेनपावरहरुले ठगी गर्ने तथा विदेशमा अलपत्र पार्ने जस्ता क्रियाकलापका विरुद्ध संघर्ष गर्ने बताए । राष्ट्रियताको आन्दोलनलाई पेचिलो बनाउँदै लगिने र पहिलो चरणमा एमसीसी परियोजनाका विरुद्ध संघर्ष गर्ने, बैशाख २ गते युवाहरुको मार्चपाससहित बृहत प्रदर्शन गर्ने पनि संगठनले सार्वजनिक गरेको छ । पत्रकार सम्मेलनमा संगठनका केन्द्रीय तथा मेची कोशी ब्यूरोका युवा नेताहरुको उपस्थिति थियो ।

बिर्तामोड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिर्तामोड, झापा

जग्गा बर्गीकरण सम्बन्धी सूचना

उपरोक्त सम्बन्धमा **बिर्तामोड नगरपालिका भू-उपयोग परिषद्**को मिति २०७९।११।१२ गते बसेको बैठकले बिर्तामोड नगरपालिका वडा नं ७, ८, ९, र १० को जग्गाको वर्गीकरण भू-उपयोग ऐनको दफा ४ तथा भू-उपयोग नियमावली २०७९ को नियम ५ मा भएको व्यवस्था अनुसार जग्गा वर्गीकरण गर्ने निर्णय भएको हुदाँ भू-उपयोग नियमावली २०७९ को नियम ५ को उपनियम ६ बमोजिम यस सँग सम्बन्धित सम्पूर्ण विवरण सम्बन्धित सबैको जानकारीको लागि कार्यालयको वेवसाईट मार्फत् प्रकाशन गरिएको छ । साथै विवरणमा उल्लेख भए अनुसार आवासीय तथा व्यवसायिक क्षेत्रको रुपमा वर्गीकरणमा रहेका जग्गामध्ये कोही जग्गाधनी कृषि क्षेत्रमा जान ईच्छुक भएमा यो सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र बिर्तामोड नगरपालिकाको कार्यालयमा लिखित रुपमा निवेदन पेश गर्नु हुन समेत जानकारी गराईन्छ ।

नोटः- १) नगरपालिकाले कृषि क्षेत्रमा वर्गीकरण हुने जग्गामा मालपोत/भूमिकर लागु गर्नेछ भने अन्य (व्यवसायिक, आवासीय, औद्योगिक) क्षेत्रमा वर्गीकरण भएका जग्गामा सम्पत्ति कर लागु गर्नेछ ।

२) यस सम्बन्धी विस्तृत विवरण कार्यालयको वेवसाईट www.birtamodmun.gov.np मा तथा सम्बन्धित वडा कार्यालयमा हेर्न सकिने छ ।

३) निवेदन सहित पेश गर्नुपर्ने कागजातहरुः

क. जग्गाधनी दर्ता प्रमाणपत्रको प्रतिलिपि,
ख.मालपोत तिरेको रसिद,
ग.नागरिकताको प्रतिलिपि,
घ.फायल नक्सा र वार्ड नक्सा ।

बिनोद कुमार न्यौपाने
प्रमुख प्रशासकिय अधिकृत

लियोनल मेस्सीले जिते ‘फिफा उत्कृष्ट अवार्ड’

एजेन्सी । विश्व फुटबल महासंघ फिफाले प्रदान गर्ने ‘फिफा उत्कृष्ट अवार्ड’ अर्जेन्टिनी कप्तान लियोनल मेस्सी र महिलातर्फ एलेक्सिया पुटेलसले जितेका छन्।

विश्व फुटबल महासंघ फिफाले हरेक वर्ष प्रदान गर्दै आएको ‘फिफा द वेस्ट अवार्ड’ अर्जेन्टिनी कप्तान लियोनल मेस्सीले जितेका छन् । पेरिसमा मंगलबार बिहान भएको एक समारोहमा उनले प्रतिद्वन्द्वीहरु फ्रान्सका केलियन एम्बाप्पे र करिम बेन्जेमालाई पछि पार्दै पुरुषतर्फ वर्षको उत्कृष्ट अवार्ड जितेका हुन् । ३५ वर्षीय मेस्सीले अर्जेन्टिनालाई फिफा विश्वकप उपाधि दिलाउन महत्वपूर्ण भूमिका निभाएका थिए । यसअघि फिफा सदस्य राष्ट्रका प्रशिक्षक, कप्तान, पत्रकार र समर्थकले १४ खेलाडीलाई दिएको मतका आधारमा अन्तिममा तीनजनाको नाम तय गरिएको थियो। सन् २०२१ अगष्ट ८ देखि २०२२ डिसेम्बर १८ को प्रदर्शनका आधारमा उनीहरुलाई छनोट गरिएको हो ।

सन् २०१८ बाट सुरु भएको यो अवार्डका लागि मेस्सी अन्तिम तीनमा पर्न एकपटक मात्र असफल भएका खेलाडी हुन्। यी तीनमध्ये सन् २०१९ मा अर्जेन्टिनाका कप्तान मेस्सीले ‘द वेष्ट फिफा अवार्ड’ जितिसकेका छन्। महिलातर्फ भने एलेक्सिया पुटेलसले उत्कृष्ट अवार्ड जितेकी छिन्। त्यस्तै इङ्ल्याण्डकी मेरी इयर्पले उत्कृष्ट गोलकिपरको अवार्ड जितेकी छिन्।

विद्युत् प्राधिकरणको काम अब मोबाइल एपबाटै

झापा(प्रस)। नेपाल विद्युत् प्राधिकरणले ग्राहकलाई सरल र सहज सेवा प्रदान गर्न मोबाइल एप सञ्चालनमा ल्याएको छ ।

मिटर रिडिङ, बिलिङ, महसुल भुक्तानी, चार्जिङ स्टेसनहरूको जानकारी तथा विद्युत् आपूर्ति सम्बन्धी विविध सूचना तथा जानकारीकालागि प्राधिकरणले मोबाइल एप सञ्चालनमा ल्याएको हो । गुनासो व्यवस्थापन समेत गर्न सकिने गरी मोबाइल एप एनईए सञ्चालनमा ल्याएको प्राधिकरणले जनाएको छ । मोबाइलको प्ले स्टोरमा गएर एनईए अफिसियल एप डाउनलोड गरेर आफ्नो ग्राहक विवरणहरू रजिस्टर गर्न प्राधिकरणले आग्रह गरेको छ ।

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड , झापा
(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)
पुर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाई गरिन्छ ।
भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस ।

नेपाल रेडक्रस सोसाइटी

झापा जिल्ला शाखा

कम्प्युटर,प्रिन्टर खरिद सम्बन्धी शिलबन्दी बोलपत्र आब्हानको सूचना

(प्रथम पटक प्रकाशित मिति २०७९/११/१७ गते)

नेपाल रेडक्रस सोसाइटी झापा जिल्ला शाखाका लागि विभिन्न सामग्रीहरु शिलवन्दी बोलपत्रद्वारा आपूर्ति गर्नुपर्ने भएकोले नेपाल सरकारको इजाजतप्राप्त मूल्य अभिबृद्धि कर ९६ब्त० मा रजिष्टर्ड फर्म वा सप्लायर्सबाट सूचना पत्रिकामा प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र शिलवन्दी वोलपत्र पेश गर्न आव्हान गरिएको छ ।

शर्तहरु :

१. सामग्रीहरुको विस्तृत विवरण बोलपत्र फाराममा उल्लेख गरिएको छ ।

२. सामग्री आपूर्ति गर्न नेपाल सरकारको इजाजतप्राप्त रजिष्टर्ड फर्म तथा सप्लायर्सले निम्न बमोजिम प्रमाणित कागजातहरु सूचना प्रकाशित भएको मितिले ७ (सात) औं दिन अपरान्ह ५.०० बजेभित्र बोलपत्र खरिद गरी ८ (आठ) औं दिन अर्थात मिति २०७९/११/२४ गते २.०० बजेभित्र ने.रे.सो. झापा जिल्ला शाखा कार्यालयमा पेश गर्न सकिने छ। सो दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट पेश गर्न सकिने छ। बोलपत्र फारामको साथ संलग्न कागजातहरु समावेश गर्नु पर्ने छ ।

(क) अद्यावधिक नवीकरण भएको व्यावसायिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

(ख) आन्तरिक राजश्व कार्यालयमा दर्ता भएको स्थायी लेखा नम्बरको प्रमाणित प्रतिलिपि ।

(ग) आ.व.०७८/०७९ को कर चुक्ता भएको प्रमाणित प्रतिलिपि, नागरिकताको प्रमाणित प्रतिलिपि ।

(घ) तोकिएको मिति र म्याद भित्र प्रति सामग्रीको दररेट अङ्क/अक्षर दुवैमा भरी शिलवन्दी लाहाछाप गरी ने.रे.सो. झापा जिल्ला शाखा कार्यालयमा दर्ता गराउनु पर्नेछ ।

३. तोकिएको बोलपत्र अन्तिम मितिको भोलिपल्ट ने.रे.सो.झापा जिल्ला शाखा भद्रपुरमा खोलिने छ ।

४. बोलपत्र फाराम रु. २००।–(अक्षरेपी रु.दुई सय मात्र)‚ नगद तिरी (फिर्ता नहुने) ने.रे.सो. झापा जिल्ला शाखा, लेखा फाँटबाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।

५. निर्धारित ढाँचामा पेश नगरिएका बोलपत्र फारामलाई मान्यता दिइने छैन ।

६. बोलपत्र फाराम स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस जिल्ला शाखामा सुरक्षित रहनेछ ।

७. बोलपत्र सम्बन्धी अन्य जानकारीको लागि ने.रे.सो. झापा जिल्ला शाखा कार्यालय, भद्रपुर र ने.रे.सो.रक्तसंचार कार्यालय,चारपानेमा सम्पर्क गर्न सकिनेछ ।

नेपाल रेडक्रस सोसाइटी झापा जिल्ला शाखा, भद्रपुर
फोन न. ०२३-५२३१०२,०२३५४१८३३

कनकाई नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
१ नं. प्रदेश जामुनबारी , झापा

हकदाबी सम्बन्धी ३५ दिने सूचना

प्रकाशित मितिः-२०७९/११/१६

झापा जिल्ला साविक सुरूङ्गा ४(ख) मा निम्न लिखित व्यक्तिहरुले अव्यवस्थित बसोबासी र सुकुम्बासीका रुपमा जग्गा दर्ता गरि पाउ भनि कनकाई नगरपालिका वडा न ४ मार्फत अनुसूची फारम भरी दर्ता भई जग्गा नापनक्सा समेत सम्पन्न भई जग्गा दर्ता गर्ने क्रममा उक्त जग्गाको २०३७ सालको फिल्डबुकमा निम्न व्यक्तिहरुको नाम देखिएकोले आफ्नो प्रमाण सहित सूचना प्रकाशित भएको मितिले ३५दिन भित्र कनकाई नगरपालिका वडा न. ४ मार्फत हक दाबी प्रस्तुत गर्न आउनुहुन योसूचना जारी गरिएको छ । तोकिएको समय समाप्त भएपछि निवेदकहरूको नाममा जग्गा दर्ता भई जाने कुरा यसै सूचनामार्फत जानकारी गराईन्छ ।

क्र.स.	कित्ता न.	क्षेत्रफल (वर्ग मिटर)	नगरपालिका	साविक नक्सा न.	निवेदकको नामथर	फिल्डबुकमा भएको नाम
१	५७२	२६४.४८	क.न.पा.-४	सुरूङ्गा४ख	घनश्याम ओजा	गोविन्द प्रसाद वाग्ले
२	५७२	१६२.१३	क.न.पा.-४	सुरूङ्गा४ख	कुमार तिम्सिना	गोविन्द प्रसाद वाग्ले
३	५७०/५७२	१६०.२९	क.न.पा.-४	सुरूङ्गा४ख	पुष्पा खरेल पाठक	मैनाकला योन्जन/ गोविन्द प्रसाद वाग्ले
४	५७०/५७२	२११.९१	क.न.पा.-४	सुरूङ्गा४ख	मुना सुवेदी	मैना कला योन्जन/ गोविन्द प्रसाद वाग्ले
५	५७२/५७४	५९७.४१	क.न.पा.-४	सुरूङ्गा४ख	देवी नारायाण प्रधान	गोविन्द प्रसाद वाग्ले/रामादेवी चिमरिया
६	५७२/५७४	६३५.९१	क.न.पा.-४	सुरूङ्गा४ख	पदम कुमारी श्रेष्ठ	गोविन्द प्रसाद वाग्ले/रामादेवी चिमरिया
७	५७४	३०१.६२	क.न.पा.-४	सुरूङ्गा४ख	गोमा देवी प्रसाई	रामादेवी चिमरिया
८	५७४	३१५.३६	क.न.पा.-४	सुरूङ्गा४ख	साबित्रा देवी श्रेष्ठ	रामादेवी चिमरिया
८	५७०/५७२	४८५.११	क.न.पा.-४	सुरूङ्गा४ख	निर्मला तामाङ्ग	मैनाकला योन्जन /गोबिन्द प्रसाद वाग्ले
१०	५७०/५७२	३४७.०५	क.न.पा.-४	सुरूङ्गा४ख	बिष्णु माया राई	मैना कला योन्जन/गोबिन्द प्रसाद वाग्ले
११	५७०/५७२	३५२.०१	क.न.पा.-४	सुरूङ्गा४ख	कृष्ण बहादुर राजबंशी	मैना कला योन्जन/गोबिन्द प्रसाद वाग्ले
१२	५७२	३१८.२३	क.न.पा.-४	सुरूङ्गा४ख	इन्द्र कुमारी ढकाल	गोबिन्द प्रसाद वाग्ले
१३	५७१/५७३	२०७.५३	क.न.पा.-४	सुरूङ्गा४ख	पदम बहादुर मगर	मैना कला योन्जन/ गोबिन्द प्रसाद वाग्ले
१४	५७३	२१४.१२	क.न.पा.-४	सुरूङ्गा४ख	मन बहादुर मगर	गोबिन्द प्रसाद वाग्ले
१५	५७३	१७६.०३	क.न.पा.-४	सुरूङ्गा४ख	भरत बहादुर मगर	गोबिन्द प्रसाद वाग्ले
१६	५७३/५७४/५७६	४६७.७९	क.न.पा.-४	सुरूङ्गा४ख	प्रकाश राई	गोबिन्द प्रसाद वाग्ले/ रामादेवी चिमरिया
१७	५७३/५७६	३१५.३१	क.न.पा.-४	सुरूङ्गा४ख	अम्बिका बि.क.	गोबिन्द प्रसाद वाग्ले/ रामादेवी चिमरिया
१८	५७३/५७६	३३२.४४	क.न.पा.-४	सुरूङ्गा४ख	सुमित्रा मैनाली प्रसाई	गोबिन्द प्रसाद वाग्ले/ रामादेवी चिमरिया
१९	५७१/५७३	३४७.२१	क.न.पा.-४	सुरूङ्गा४ख	जुना ठटाल	मैना कला योन्जन / गोबिन्द प्रसाद वाग्ले
२०	५७१/५७३	३३६.७८	क.न.पा.-४	सुरूङ्गा४ख	आईता जबेगु	मैनाकला योन्जन / गोबिन्द प्रसाद वाग्ले
२१	५७१/५७३	३४९.१५	क.न.पा.-४	सुरूङ्गा४ख	मैया बस्नेत	मैनाकला योन्जन/ गोबिन्द प्रसाद वाग्ले
२२	५७१/५७३	३६३.०२	क.न.पा.-४	सुरूङ्गा४ख	ईन्द्र गौतम	मैनाकला योन्जन / गोबिन्द प्रसाद वाग्ले
२३	५७१/५७३	३२८.७०	क.न.पा.-४	सुरूङ्गा४ख	धनपति शिवाकोटी	मैनाकला योन्जन/ गोबिन्द प्रसाद वाग्ले
२४	५७१/५७३	३३९.८२	क.न.पा.-४	सुरूङ्गा४ख	बिष्णुमाया बि.क.	मैनाकला योन्जन / गोबिन्द प्रसाद वाग्ले
२५	५७१/५७३	३२८.०६	क.न.पा.-४	सुरूङ्गा४ख	मोहन प्रसाद मैनाली	मैनाकला योन्जन / गोबिन्द प्रसाद वाग्ले
२६	५७१/५७३	२८६.०५	क.न.पा.-४	सुरूङ्गा४ख	दीर्घराज पाठक	मैनाकला योन्जन / गोबिन्द प्रसाद वाग्ले
२७	५७१/५७३	३२५.८३	क.न.पा.-४	सुरूङ्गा४ख	टेक बहादुर कट्वाल	मैनाकला योन्जन / गोबिन्द प्रसाद वाग्ले
२८	५७१/५७३	३३८.०६	क.न.पा.-४	सुरूङ्गा४ख	मिना देवी खाती	मैनाकला योन्जन/ गोबिन्द प्रसाद वाग्ले
२९	५७३/५७६	१६५०.८४	क.न.पा.-४	सुरूङ्गा४ख	गणेश लिम्बु	गोबिन्द प्रसाद वाग्ले/रामादेवी चिमरिया
३०	५७३	१९२.७७	क.न.पा.-४	सुरूङ्गा४ख	उमेश कुमार सार्की	गोबिन्द प्रसाद वाग्ले

फागुपर्व सभ्य रुपमा मनाऔं।
➢ आपसी सहमतिमा उल्लासपूर्वक फागुपर्व मनाऔं।
➢ जबरजस्ती लोला हान्ने, पानी छयाप्ने तथा रङ्ग दल्ने काम नगरौं।
➢ सामाजिक तथा साँस्कृतिक मर्यादा र शिष्टाचारको पालना गरौं।
➢ हानिकारक र रसायनयुक्त रङ्गको प्रयोग नगरौं।
➢ मदिरा तथा लागु पदार्थको सेवन नगरौं।
➢ गैरकानूनी र उच्छृङ्खल व्यवहार नगरौं।
चाडपर्वलाई मौलिकरुपमा मनाऔं, सभ्य नागरिकको परिचय दिऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

गुगल रेष्टुरेन्ट एण्ड बार
शान्त तथा पारिवारिक वातावरणमा विभिन्न किसिमका स्वादिष्ट भेज तथा ननभेज परिकारका खानाहरु , मःम , चाउमिन , थुप्पा , सेकुवा, हुक्का तथा पेय पदार्थ सरल तथा सुपथ मूल्यमा पाउनुका साथै होम डेलिभरीको पनि सुविधा छ ।
स्वादिष्ट खानाको लागि हामीलाई सम्झनुहोस्
गुगल रेष्टुरेन्ट एण्ड बार
भद्रपुर रोड , बिर्तामोड (कुमारी बैंक पछाडी)
मो : ९८४२६७७३७७ , ९८०७९०४४३० , ९८०३२८०२३२
Free WiFi

डा. विकाश जैशी, MD, DM
वरिष्ठ विशेषज्ञ - कलेजो (लिभर), पेट, ग्याष्ट्रिक, अल्सर जन्डिस, हेपटाईटिस रोग
समयः प्रत्येक महिनाको अन्तिम आईतबार, काठमाडौंबाट
डा. दिपायन पाण्डे, MD
विशेषज्ञ - छाला, यौन, सौन्दर्य, कुष्ठरोग
समयः प्रत्येक विहिबार
डा. आलोक झा, MD
विशेषज्ञ - मानसिक, नशा, रोग (बाल तथा किशोर मनोचिकित्सक)
समयः प्रत्येक महिनाको पहिलो शनिबार
डा. केशव कु. मण्डल, MD
विशेषज्ञ - नवजात शिशु तथा बाल रोग
समयः दैनिक सेवा
डा. प्रेम ब. शाही, MS, FISS
प्रमुख विशेषज्ञ - हाडजोर्नी, नशा तथा मेरुदण्ड सर्जन
समयः दैनिक सेवा
डा. हरिशंकर प्र. यादव, MD, FIEM
विशेषज्ञ - मधुमेह, थाइराईड, हर्मोन रोग । समयः प्रत्येक शनिबार
डा.धिरज ताम्राकार, MD
विशेषज्ञ - आन्तरिक मेडिसिन तथा फिजिसियन । समयः दैनिक सेवा
डा. धिरज गिरी, MS
विशेषज्ञ - नाक, कान, घाँटी, टाउको रोग
समयः दैनिक सेवा

डा. धर्मागत भट्टराई
प्रमुख विशेषज्ञ - बाल बाथरोग, एलर्जी तथा प्रतिरक्षा (इम्युनिटि) रोग
DM- Pediatric Clinical Immunology & Rheumatology (PGIMER, Chandigarh, India)
MD- Pediatrics (PGIMER, Chandigarh, India)
Fellowship in Advance Immunology, Allergy & Bone Marrow Transplantation (USA)
MBBS (University of Calcutta, India)
NMC No.- 6516
नेपालको प्रथम एकमात्र बाल इम्युनोलोजिष्ट तथा र्यूमाटोलोजिष्ट
इम्युनोकेयर सेन्टर, काठमाडौंबाट
जिवनरक्षा पोलिक्लिनिक, बिर्तामोडमा
DOCTOR VISIT DATE
प्रत्येक महिना
यस पटक फागुन २७ गते, शनिबार
स्वास्थ्य सेवामा सँगसँगै
जिवनरक्षा पोलिक्लिनिक एण्ड डाइगोनोष्टिक सेन्टर प्रा. लि.
बिर्तामोड-४, भद्रपुररोड, झापा (यामाहा शोरुम अगाडि)
जानकारीका लागि सम्पर्क
023-531242/023-591566
प्याथोलोजि ल्याब/भिडियो एक्स-रे/फिजियोथेरापी/ विशेषज्ञ ओ.पि.डि.
हेल्थ प्याकेज/डेन्टल/डिजिटल एक्स-रे
9817094601

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) फोन नं.: ०२३-५४३८२० इमेल : pratidin65@gmail .com अध्यक्ष : युवराज दाहाल ।। कार्यकारी सम्पादक : इन्द्रसिंह राजवंशी

सम्पादकीय

फेरि जटिलता

नेपालको राजनीति फेरि अस्थिर बनेको छ । केही दिन स्थीरजस्तो देखिएको राजनीति फेरि जटिलतातर्फ धकेलिएको छ । सत्ताको दाउपेच उत्कर्षमा देखिएको छ । प्रचण्डले फेरि एकपटक ओलीलाई जिल्लै पारेका छन् । सत्ताका लागि जे गर्न पनि तयार हुने नेतृत्वका कारण मुलुकमा सुशासन कायम हुन सक्ने आधार देखिन सकेको छैन । अहिले सरकार अस्थिर बन्ने अवस्था देखिएको छ । प्रधानमन्त्री प्रचण्डले दुई महिनामा नै सत्तासाझेदार दलसँग भएको सहमति उल्लंघन गर्दा सरकारका अधिकांश मन्त्रीहरूले राजीनामा दिने अवस्था आएको छ । दुई महिना नपुग्दै सरकारका मन्त्रीहरूले राजीनामा दिने अवस्था आउनु भनेको मुलुक अस्थिरतातर्फ प्रवेश गरेको संकेत हो ।

अस्थिर शासन सत्ताबाट सुशासन हुनै सक्दैन । कतिखेर के हुने हो भन्ने सोच प्रधानमन्त्री र मन्त्रीमा आएमा उनीहरूको ध्याउन्न नै कसरी हुन्छ कमाउने र अकुत सम्पत्ति थुपार्नेमा नै बित्ने गर्छ । फेरि सुशासनको अवधारणाअनुसार सुशासन माथिबाट सुरु हुनुपर्छ । प्रधानमन्त्री, मन्त्री, सचिव र कार्यालय प्रमुख नैतिकवान् र इमानदार हुन सके भने धेरै हदसम्म सुशासन कायम हुन सक्ने सुशासनका क्षेत्रमा कार्यरतको अनुभव छ । अर्थात् मुहान सफा भए त्यहाँबाट आउने पानी स्वतः सफा हुन्छ, तल धेरै सफा गरिरहनुपर्दैन भन्ने मान्यता पनि छ ।

यो मान्यतालाई विश्वास गर्ने हो भने प्रधानमन्त्रीबाट सुशासन कायम गर्ने राम्रा र प्रभावकारी कार्यक्रम आउनुपर्छ तर प्रधानमन्त्री प्रचण्डले विगत दुई महिनाको अवधिमा सुशासन कायम हुने खालका योजना र कार्यक्रमबारे खासै ध्यान दिन सकेको देखिँदैन । उनले बाहिर सुशासन कायम गर्ने जेजस्ता अभिव्यक्ति दिइरहेका छन् तर व्यवहारमा सोअनुसार काम गर्न सकेका छैनन् । त्यसैले पनि प्रचण्डलाई मुलुकमा वर्षौंदेखिको अराजकता, छाडातन्त्र, अनुशासनहीनताका कारण मक्किँदै र खिया लाग्दै आएको सुशासन र समृद्धिको ढोका सहजै खोल्न निकै कठिन हुन सक्ने देखिन्छ । अर्कोतर्फ बाहिर सुशासन र पारदर्शिताको कुरा गर्ने तर पर्दाभित्र तस्कर, माफिया र बिचौलियासँग साइनो लगाउने प्रवृत्ति हाम्रा शासकमा रहँदै आएको छ । हालका प्रधानमन्त्री प्रचण्ड पनि त्यस्तो प्रवृत्तिबाट मुक्त हुन सकेका छैनन् ।

Pratidin National Daily
प्रतिदिन

तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै

ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस

जसले जसरी जनयुद्ध सम्झिए...

• सीएन थारू

यस वर्ष फागुन १ मा जनयुद्ध दिवसका लागि सरकारले सार्वजनिक विदा दियो । आगामी वर्षको क्यालण्डेरमा समेत सार्वजनिक विदा दिनका लागि राख्ने भनेर अर्को निर्णय पनि गरियो । माओवादीसँग खटपटपछि एमाले अध्यक्ष केपी शर्मा ओलीले उक्त दिनको विदाबारे दुई सातापछि मात्रै मुख खोले, विरोध गरे ।यसपाली २८औं जनयुद्ध दिवसको अवसरमा सरकारले सार्वजनिक विदा दिने जुन घोषणा गर्यो, विदा प्रसंगले एक किसिमको तरंग नै ल्यायो । पक्ष, विपक्षमा जनमत बाँडियो । तर सतही विदा भन्दा पनि जनयुद्ध दिवसको अवसरमा के वेपता छानविनका लागि आवश्यक पहल गरिनुपर्ने होइन र ? किन सत्य निरुपण तथा मेलमिलाप आयोग पटक पटक म्याद थपे पनि काम गर्न नसकेको ? यसबारे ठोस कदम चालिनुपर्ने होइन र ? जनयुद्ध घोषित युद्ध थियो, सामन्ती राज्यसत्ता विरुद्धको । माओवादीको अगुवाइमा चलेको जनयुद्धमा जनमुक्ति सेना निर्माण गरी हतियारसहित नै दश वर्ष युद्धमा होमिए । त्यस बखत पनि उनीहरुको निष्कर्ष थियो-“नेपालमा युद्ध सञ्चालनको लागि न विशिष्ट भूभाग छ , न कुनै समुद्र उपयोगको प्रत्यक्ष सम्भावना नै । तर जनतासंग सुमधुर सम्बन्ध स्थापित गर्न छापामार युद्ध सञ्चालनको लागि भौगोलिक स्थिति भने अत्यन्त अनुकुल छ । वहुसंख्यक आदिवासी जनजातिमाथि रहेको जातीय उत्पीडनको विरोधबाट पनि छापामार युद्धको निमित्त राम्रो जनाधार प्राप्त गर्न सकिन्छ (ऐतिहासिक दस्तावेज २०६३ः ९) ।” यही निष्कर्षको आधारमा जातीय तथा क्षेत्रीय मुक्ति मोर्चाहरु गठन गरी युद्धको लागि मुक्ति सेनाको छापामार जवानहरु पनि तम्तयार गरे । आधार इलाकाको विस्तारमा यसले ठूलो टेवा प्रदान गर्यो । अन्ततः देशको करिब ८० प्रतिशत भूभाग कब्जा गरी जनसरकारमार्फत् दुई सरकारको अभ्यास देशमा थालनी भयो । पुष्पकमल दाहालले सरकारको नेतृत्व गरेको यो तेस्रो पटक हो । तदर्थवादमै कार्यकाल गुजार्ने कि ठोस निर्णयमा पुग्ने , राजनीति मिलाउने जिम्मेवारी समेत उनै पुष्पकमल दाहालकै हातमा छ । क्रान्तिको लक्ष्य निर्धारण गर्ने क्रममा एकल जातीय सामन्ती ब्राह्मणवादी राज्यसत्ता उल्टाउनु नै क्रान्ति हो भनियो । यसले मुक्तिको प्रश्नलाई विस्तार गर्ने काम गर्यो । राष्ट्रिय मुक्तिको सवालसंग सम्बन्धित जनयुद्धको एजेण्डाले दलित तथा आदिवासी जनतालाई हौस्यायौ । कम्युनिष्ट आन्दोलनबाटै जातीय, धार्मिक, साँस्कृतिक, क्षेत्रीय विभेद तथा आर्थिक असमानता अन्त्य हुने विश्वास जगाउनु नै मोहनी लगाउने काम भयो । साथै , सबै स्वार्थको एकीकृत योजना जनयुद्ध देखिने गरी प्रतिबिम्ब भएपश्चात् मुक्ति मोर्चाहरु संगठित रुपमा नै साथ दिने भए ।

आदिवासी जनजातिहरुले उठाएअनुसार स्वशासन र आत्मनिर्णयको अधिकारको सम्बन्धमा सैद्धान्तिक तथा नीतिगत योजनाहरु निर्माण गर्दै गर्दा तत्कालीन अवस्थाको विश्लेषणमा भनिएको छ - स्थानीय सत्ता हुँदै केन्द्रीय सत्तासम्म पुग्ने कुरा मात्र नभई मोर्चाले जातिहरुको आत्मनिर्णयको अधिकार अन्तरगत स्वशासनको नीतिलाई पनि प्रत्यक्ष व्यवहारमा अभिव्यक्त गरेको हुनु पर्दछ । किनभने जातीय स्वशासनको कुरा केन्द्रीय सत्ता कब्जा गरेपछि मात्र होइन, अहिलेदेखि नै लागु गरेर जाने कुरो हो । त्यो मोर्चामार्फत् नै अभिव्यक्त हुनुपर्दछ । यसकारणले कि त्यो नै सत्ताको बीज हो (दस्तावेज २०६३ः ४३) ।जनयुद्धमा सुरक्षाकर्मीबाट बेपता बनाइएकामध्ये अधिकांश थारू समुदायका छन् । करिब आठ सयको हाराहारीमा थारूहरू वेपत्ताको सूचीमा परेपनि सही तथ्यांक अझै उपलब्ध हुन सकेको छैन । मगरपछि सहादत दिनेमा समेत थारू रहेको तथ्यांकले देखाएको छ । हजारौं थारूको सहादत जनयुद्धमा हुनुले थारु स्वशासन तथा आत्मनिर्णयको अधिकारको हकदार भएको बुझ्नुपर्छ ।

तर , पुष्पकमल दाहाल नेतृत्वको वर्तमान सरकार आफैले अघि सारेको जनयुद्धकालीन ती निर्णय तथा नीतिहरु बिर्सिदै गएको छ । यसले मात्र सरकारको नेतृत्व गर्ने र सहभागिता जनाउन सामेल हुने स्वार्थी चरित्र देखाउँदै छ । यसखाले प्रहसन देशको समृद्धिको लागि समेत खतरापूर्ण छ । फागुन १ गते जसले जसरी जनयुद्ध दिवस मनाए पनि देशमा लोकतान्त्रिक कार्यभार पुरा नभएको निष्कर्ष नै सही ठहर भएको छ । उदारवादी लोकतन्त्रले वहुलवाद स्वीकार गर्यो तर निर्वाचन स्वतन्त्र र निष्पक्ष हुने व्यवहारिक कठिनाईको कारण लोकतान्त्रिक व्यवस्थाले थप संकट संसारभरि नै व्यहोर्न थाल्यो । नेपालमा समेत निर्वाचन खर्चिलो हुनु भनेकै स्वतन्त्र र निष्पक्ष हुने व्यवहारिक कठिनाईकै कारण हो । जनयुद्धको बलमा दुई प्रधानमन्त्री, तीन सभामुख, पचास मन्त्री, तथा सत्रजना राज्यमन्त्रीहरु बनेको तथ्याङ्क सार्वजनिक गरियो । लाभको पदहरु यसरी ओगट्न सफल हुँदा मुक्ति मोर्चाहरु अस्तित्वविहीन भएर गए , कारण मुक्ति मोर्चाको औचित्य रहेन त्यसपछि ।

केही थान व्यक्तिहरुको मुक्ति भएकोले नै राष्ट्रिय मुक्तिको सवाल अहम् बनेर आयो । यही कारण हो कि अब कम्युनिष्ट शक्ति परिवर्तनको पक्षधर शक्ति रहेन । उदारवादी लोकतान्त्रिक शक्ति त यथास्थिति कायम गर्ने पक्षमै थिए र छन् । नेपालको सन्दर्भमा यी दुइटै यथास्थितिवादी शक्तिले आलोपालो गरी भागबण्डामा सत्ता सञ्चालन गर्ने र आआफ्नो व्यवस्थापन गर्ने भए । तर लोकतान्त्रिक कार्यभार पुरा गर्न वैकल्पिक शक्तिको आवश्यकता महसुस गर्ने जनता विना उपाय आफ्नो प्रतिक्रिया देखाउन थालेको देखिन्छ । नयाँ दलहरुको संसदमा उपस्थिति यही सन्देश प्रवाह गर्नका लागि हो । वैकल्पिक शक्तिको धार खोजी गर्न कम्युनिष्ट आन्दोलनको टेको जरुरत छैन । साथै , व्यक्ति स्वतन्त्रताको कुरो उठाउने ती उदारपूँजीवादी शक्ति राजनीतिक रुपमा दक्षिणपन्थी भए । उनीहरुको विवेकले परिवर्तनकारी हार्ड पावर नै बन्ने गुन्जायस रहेन । यहीवेला इन्डिजिनियस तप्काका राजनीतिशास्त्रीहरु उपाय खोजी गर्न प्रयत्नशील छन् । उनीहरुको तर्कअनुसार स्थानीय तहमा जातीय स्वशासन र संघमा साझेदारी शासनको प्रारुपमा शासन व्यवस्था कायम गरेर भविष्यमा देखिने जातीय द्वन्द्व न्युन गर्न सकिन्छ ।
त्यस आधारमा नेपाललाई न्यूनतम रुपमा वहुलराष्ट्रिय राज्य घोषणा गर्नुपर्ने हुन्छ । साथै, स्थानीय तहलाई थप लोकतान्त्रिक बनाउन गैरदलीय प्रतिस्पर्धा मुताविक जातीय स्वायत्तता अभ्यासमार्फत् आत्मनिर्णयको अधिकार प्रयोग गर्न दिने हो । संसारका थुप्रै लोकतान्त्रिक देशहरुले अहिले जातीय स्वशासनको अभ्यासलाई स्थानीय तहमा लागु गर्न थालेका छन् । राजनीतिक अभ्याससंगै प्रथाजनित कानुनमार्फत् आर्थिक समृद्धिको जग बसाल्ने काम थालनी गरेसंगै न्युजील्याण्डका मौरी, पेरुका वाम्पी, ग्रीनल्याण्ड टापुका नुनाभुट , स्वीडेन तथा नर्वेका सामी, बोलिभियाका आदिवासीलगायत जनता स्वशासित हुने अधिकार उपयोग गरेर हाल समाजवादतिरको यात्रा तय गर्दैछन् । नेपालको सन्दर्भमा समेत यहाँका आदिवासी जनता स्वशासन र आत्मनिर्णयको अधिकारका निमित्त राष्ट्रिय मुक्तिको सवालमा एकजुट हुने वैचारिक तथा सैद्धान्तिक जग खोजी गर्ने सिलसिलामा आधारभूत तहको तयारी पुरा गरेको छ । तामाङ राष्ट्रिय परिषदको नेतृत्वमा जहरसिंपौवा, बोझेनीमा निरन्तर चलेको शान्तिपूर्ण आन्दोलन एक नयाँ कार्यदिशा प्रदान गरेको छ र भविष्यमा सोही जगमा वैकल्पिक शक्ति स्थापित हुने सम्भावनालाई नजरअन्दाज गर्न मिल्दैन ।

अन्त्यमा , आदिवासी जनताको आफ्नो सत्ता आधुनिक भनिएका राज्यसत्ताबाट छोपिएको मात्र हो , जसलाई उघार्न वैकल्पिक शक्तिको निर्माण आवश्यक छ । तसर्थ , जनयुद्धलाई जसले जसरी मनाए पनि हिजो जनयुद्धमा बगेको हाम्रो रगतको मुल्य स्वशासनको लागि थियो र आज त्यसको आवश्यकता अझ प्रखर रुपमा महसुस भएको छ । यो मान्यतालाई आत्मसात गरेर राष्ट्रिय मुक्ति क्रान्तिको कार्यदिशामा लामबद्ध हुने संकल्पको दिनको रुपमा सम्झना गर्न सकौं । यो नै अंगभंग भएका र प्राणको आहुति दिने योद्धाहरुको लागि सम्मान हुनेछ ।

ज्ञान केन्द्र बनाउने अभियान

कविन्द्र नेपाल

संघीय शासन व्यवस्थापछि सिंहदरबार गाउँ गाउँमा पुग्यो भनिएको छ। कार्यपालिका, न्यायपालिका तथा व्यवस्थापिकाको त्रिवेणीको रूपमा रहेको सिंहदरबारमा हुने निर्णय तथा घटनाले वडा तहसम्मका सिंहदरबारलाई प्रभाव पारेको हुन्छ। त्यसैले सबै ६६० शासकीय अङ्गमा मूल्यको सिर्जना र वितरण गरी ज्ञान केन्द्रको रूपमा आफूलाई अब्बल (रोल मोडल) प्रमाणित गर्नुपर्छ। पढेर, परेर, अध्ययन तथा अनुसन्धानबाट हासिल गरेको ज्ञानको आधारमा मूल्य सिर्जना हुन्छ। डी.ए.डब्लु.एन. पत्रिकाका अनुसार राजनीतिज्ञ र प्रशासक विचारक पनि हुन यसैले उनीहरूले हरेक विषयवस्तु गहिराइमा बुझेको हुन्छ भन्ने आमविश्वास गरिन्छ । यस्तो क्षमताको विकास पनि अध्ययनबाट नै गर्न सकिन्छ।

पढाइसम्बन्धी विश्व सन्दर्भ

विश्वमा हरेक सफल व्यक्तिको सफलतामा उसको पढाइप्रतिको लगावलाई पनि लिन सकिन्छ। अमेरिकी व्यवसायी, लेखक तथा लगानीकर्ता विल गेट्सले प्रत्येक वर्ष करिब ५० वटा किताब पढ्छन् भने वारेन बफेटले प्रत्येक दिन ६०० देखि १००० पेज पढ्छन्। पावर अफ हेविटका लेखक चाल्स डगिसले पनि प्रत्येक दिन सुत्नुअघि किताब पढ्छन् यसले दिमागलाई शान्त गराउन तथा सम्भावनाको क्षितिजलाई बढाउन मद्दत गर्ने उनको विश्वास छ। अध्ययनले नवीन सोच तथा विचारको आधार तयार गरिदिन्छ, जसबाट मानिसमा असल गुण र चरित्रको निर्माण गर्न मद्दत मिल्छ जुन समग्र मानव कल्याणका लागि उपयोगी हुन्छ। किताबहरू केवल बोल्ने मात्र होइन सुन्छन् पनि त्यसैले पढाइको महत्व रहेको हुँदा युवा पुस्तालाई दोहोऱ्याउने प्रेरणादायी किताबको आवश्यकता बुद्ध एयरका प्रबन्ध निर्देशक वीरेन्द्रबहादुर बस्नेतले औँल्याउनुभएको छ। लेखक सुजित मैनालीले पढ्ने बानीले मानिसमा धैर्यताको विकास गराउन सहयोग पुग्ने जनाउनुभएको छ। नियमित पढ्ने व्यक्तिमा अरूका कुरा सुन्न तथा अरूलाई बुझ्न मात्र होइन कामप्रतिको लगाव बढाउन पनि मद्दत गर्छ।

पढेर के हुन्छ ?

व्यक्ति स्वयंलाई जीवन्त राख्न निरन्तरको अध्ययनले मद्दत गर्छ। मनोविज्ञानवेत्ता इन रोवर्टसनका अनुसार, मानिसको प्लास्टिकरूपी मस्तिष्कको आकारको निर्धारण उसको अनुभव, सिकाइ र सोच्ने क्षमताबाट हुन्छ। यस्तो सोच्ने र सिक्ने क्षमताको विकास अध्ययनबाट नै हुन्छ। नियमित पढ्ने बानीले व्यक्तिको शब्द भण्डार बढाउने मात्र होइन कि यसले लेखन सीप तिखार्न पनि मद्दत गर्छ। व्यक्तित्व विकासका लागि आवश्यक एकाग्रता, धैर्यताजस्ता गुणको विकासका लागि पनि अध्ययन आवश्यक छ । त्यति मात्र होइन नियमित अध्ययन गर्ने मानिसमा जीवनको उत्तरार्द्धमा देखिने अल्जाइमर्सको समस्या कम भएको विज्ञानले प्रमाणित गरेको तथ्य हो। पढाइबाट नै मानिसले अरूलाई बुझ्ने क्षमता (इमोसनल इन्टलिजेन्स) ले उसको अन्तरवैयक्तिक सम्बन्ध मात्र राम्रो हुने मात्र होइन कि अन्ततः यसले त्यस्ता व्यक्तिको आयु बढाउन पनि मद्दत गर्छ भन्नेमा वैज्ञानिक एकमत छन्। जसरी भौतिक शरीरलाई स्वस्थ राख्न माछा मासु, दूध/दही तथा फलफूलको आवश्यकता पर्छ त्यसरी नै मानिसको अन्य शरीर (भव, सूक्ष्म, मानसिक, आत्मिक, ब्रह्म तथा निर्माणिक) लाई स्वस्थ राख्ने प्रमुख उपाय निरन्तरको अध्ययन नै हो। पढ्ने बानीले मानिसको शरीर, मन र आत्मालाई स्वस्थ राख्न मद्दत गर्छ।

पढ्ने बानीसम्बन्धी सर्वेक्षण

पढ्ने बानीसम्बन्धी सर्वेक्षणले अधिकांश अमेरिकी आफ्नो खुसीका लागि पढ्ने गरेको देखाएको छ। ग्लोबल इङ्लिस इडिटिङका अनुसार, सन् २०२० मा गरिएको सर्वेक्षणले भारतमा प्रत्येक व्यक्तिले प्रतिहप्ता कम्तीमा १० घण्टा ४२ मिनेट पढ्ने गरेको पाइयो। त्यस्तै चीनमा ८ घण्टा र अमेरिकामा जम्मा ५ घण्टा ४२ मिनेट अध्ययन गर्ने गरेको पाइयो। यसैगरी, चीनमा प्रत्येक वर्ष चार लाख ४४ हजार तथा अमेरिकामा तीन लाख चार हजार ९१२ पुस्तक प्रकाशित हुन्छन् भने भारतमा जम्मा ९० हजार किताब प्रकाशन हुने गरेको तथ्याङ्क छ। यस्तो अध्ययन तथा पुस्तक प्रकाशनसम्बन्धी सर्वेक्षणमा नेपाललाई भने समेटिएको छैन।

सर्वेक्षणले देखाएअनुसार एक अमेरिकीले वर्षमा १२ वटा, जापानीले ११ वटा र चिनियाँले आठवटा किताब पढ्ने गरेको तथ्य देखाएको छ। त्यसैगरी एसिया प्यासिफिकमा सबैभन्दा बढी साक्षरता भएको देश सिङ्गापुरमा पुरुषले भन्दा महिलाले बढी पढ्ने गरेको पाइएको छ। नेपालका विद्यालयमा अध्ययन गर्ने विद्यार्थीको अध्ययन बानी सम्बन्धमा इ.एल.टी. चौतारीले गरेको सर्वेक्षणमा ४३ प्रतिशत विद्यार्थीले मात्र तोकिएको पाठ्यक्रम बाहिरका किताब पढ्ने गरेका छन्।

सिंहदरबारमा पढाइका पूर्वाधार

पुस्तक, पत्रपत्रिका, म्यागेजिन, जर्नलको सहज उपलब्धताका साथै पढ्ने/लेख्ने उपयुक्त वातावरणसहितको पुस्तकालय (लर्निङ सेन्टर) पठन संस्कृति विकासका लागि आधारभूत पूर्वाधार हो। यस्ता पूर्वाधारले पढ्ने बानीको विकास गराउन उत्प्रेरकको काम गर्छन्। सिंहदरबारभित्र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित विभिन्न मन्त्रालयका साथै संसद् सचिवालय, आयोग, विभाग, केन्द्र, सरकारी सञ्चार माध्यमलगायत सुरक्षा अङ्गहरू रहेका छन्। अब निकट भविष्यमा सघीय संसद् र सर्वोच्च अदालत पनि सिंहदरबारभित्र नै रहने भएका छन्। यस्तो महत्वपूर्ण शासकीय केन्द्र भएर पनि अहिलेसम्म यहाँ एकीकृत तथा सुविधायुक्त लर्निङ सेन्टर नै छैन। सिंहदरबारभित्र संसद् सचिवालय, संघीय मामिला, राष्ट्रिय योजना आयोग, संस्कृति, कानुन, शिक्षा आदि केही निकायमा जनशक्तिसहितका पुस्तकालय भए पनि यिनको सञ्चालन परम्परागत ढङ्गबाट भएको पाइन्छ। पुस्तक लिने र दिने (बुक रोलिङ) प्रक्रिया पनि दयनीय नै छ। सिंहदरबारभित्र कार्यरत कर्मचारीले पनि आफ्नो निकायबाहेक अन्य पुस्तकालयबाट पुस्तक लिन पाउँदैनन्। कर्मचारीको रुचि, चाहना तथा क्षेत्रगत मन्त्रालयसँग सम्बन्धित विश्वप्रसिद्ध (बेस्ट सेलिङ) किताबलगायत नेपालको भूगोल, इतिहास, संस्कृति, साहित्यसँग सम्बन्धित विषयमा लेखिएका पुस्तकहरू खरिद योजना तयार गरेर व्यवस्थित ढङ्गले गरेको पनि पाइँदैन। लाइब्रेरी साइन्सका १४ स्वीकृत दरबन्दीमा (संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय) कर्मचारी विभिन्न निकायमा कार्यरत छन् । यस्तो प्राविधिक जनशक्तिलाई एकीकृत ढङ्गले परिचालन गरिएको छैन। अध्ययनका लागि यस्ता कमजोर पूर्वाधारले कसरी कर्मचारी तथा राजनीतिज्ञमा पठन संस्कृतिको विकास गराउन सक्ला ?

ज्ञान केन्द्र कसरी बनाउने

सिंहदरबारलाई शासन र प्रशासनको केन्द्र मात्र होइन मुलुकभरि मूल्य वितरण गर्ने ज्ञान केन्द्र (नलेज हब) बनाउन आवश्यक छ। सिंहदरबारमा भएका प्रत्येक गतिविधिको प्रत्यक्ष प्रभाव प्रदेश र स्थानीय तहमा रहेका कार्यपालिकीय, व्यवस्थापकीय र न्यायिक अङ्गका साथै सेवा प्रवाहमा पर्छ। यसैले सिंहदरबारलाई नलेज हव बनाउन अध्ययनका पूर्वाधारमा सुधार गरी पठन संस्कृतिलाई संस्थागत गर्नुपर्छ।

यसको पहिलो सर्त एकीकृत सुविधा सम्पन्न ज्ञान केन्द्र निर्माण सञ्चालन तथा व्यवस्थापन गर्नु नै हो। यस्तो ज्ञान केन्द्रका लागि नयाँ भवनको आवश्यकता पनि पर्दैन भएका संरचनाको स्मार्ट ढङ्गले उपयोग गरे मात्र पुग्छ। त्यसैगरी, लाइब्रेरी साइन्स समूहका कर्मचारीलाई यही ज्ञान केन्द्रको छाताभित्र ल्याइ परिचालन गर्न सकिन्छ । यस्तो ज्ञान केन्द्रलाई विदेशी विश्वविद्यालय तथा सामुदायिक अध्ययन केन्द्रजस्तै पूर्णस्वचालित (अटोमेसन) विधिबाट सञ्चालन गर्नुपर्छ। सुविधासम्पन्न पूर्वाधारसँगै पठन संस्कृति विकासका लागि अध्ययन तथा अनुभवबाट हासिल गरेको ज्ञानलाई प्रवाह गर्न नियमित नीति संवाद (पोलिसी डाइलग) कार्यक्रम सञ्चालन गर्न सकिन्छ। यस्ता पोलिसी डाइलगमा निजी क्षेत्र तथा विश्वविद्यालयका विज्ञ/प्राज्ञ, प्रदेश र स्थानीय तहका अनुभवी व्यक्तिलाई आमन्त्रण गर्नुपर्छ। यस्तो डाइलग फोरम (संवाद मञ्च) विदेशमा अध्ययन गरी फर्किएका कर्मचारीको अध्ययन तथा अनुसन्धानको नतिजा प्रस्तुत गर्ने उपयुक्त थलो पनि हुन सक्छ।

ज्ञान केन्द्रमा हार्वड तथा अक्सफोर्डका जर्नल तथा जेस्टरजस्ता प्रकाशन (जुन रकम नतिरी पढ्न पाइँदैन) सिंहदरबारभित्र सहज पहुँच हुने व्यवस्था गर्नुपर्छ। यसैगरी केन्द्रमा सकारात्मक चिन्तन, नैतिकता, निष्ठा र आदर्श कमजोर भएको विद्यमान अवस्थामा सुधार ल्याउन कर्मचारी र राजनीतिज्ञलाई लक्षित गरी मोटिभेसनल स्पिकरबाट प्रवचनको प्रबन्ध पनि गर्नुपर्छ । यसैगरी, विश्वप्रसिद्ध विश्वविद्यालय तथा तालिम प्रदायक संस्थाबाट प्रदान गरिने पैसा तिरेर लिनुपर्ने अनलाइन तालिम कार्यक्रममा कर्मचारी र राजनीतिज्ञलाई सहभागी गराउन सकिएमा कम बजेटमा धेरै उपलब्धि हासिल गर्न सकिन्छ। यसरी विद्युतीय माध्यमबाट सञ्चालन गरिने कार्यक्रममा प्रदेश र स्थानीय तहलाई पनि आबद्ध गर्न सकिन्छ।

सुशासन, विकास र समृद्धिको दीर्घकालीन लक्ष्य हासिल गर्न प्रत्येक व्यक्तिको उत्पादकत्व बढाउन तथा उसमा सकारात्मक सोच र चिन्तनको विकास गराउनु आवश्यक छ। यसका लागि व्यक्तिमा पढ्ने बानीको विकासका लागि आवश्यक पूर्वाधार र वातावरण तयार गर्नुपर्छ। यसो हुन सकेमा मात्र व्यक्तिमा पढौँ पढौँ भन्ने भावनाको जागृत हुने मात्र होइन फुर्सद हुनासाथ स्मार्टफोनमा रम्ने प्रवृत्तिमा पनि आमूल सुधार भई मुलुकका लागि सक्षम नागरिक तयार गर्न मद्दत मिल्छ। सिंहदरबारमा गरिएको यस्तो सफल अनुभवलाई प्रदेश र स्थानीय तहमा विस्तार गरी सबै शासकीय एकाइलाई नै ज्ञानको केन्द्र बनाउन सकिन्छ।

शून्य भेदभाव दिवस

#ZERO DISCRIMINATION
ZERO DISCRIMINATION DAY

आखिर के हो त भेदभाव ?

के तपाई भेदभाव गर्नुहुन्छ ? भेदभाव प्रायः गलत सूचना वा अज्ञानताको डरमा आधारित हुन्छ । भेदभाव परापूर्वकालदेखि हाम्रो समाजमा जरा गाडेर फैलिएको यस्तो विष हो जसले भगवानको यो सुन्दर संसारमा एक अर्कालाई समान देख्न सक्दैन । कहिले जातीय , कहिले लिङ्ग , कहिले आर्थिक अवस्था , कहिले रङ्ग र कहिलेकाही केही नयाँ परिस्थितिले सिर्जना गर्ने भेदभाव सायद हामीले आफ्नो समाज नियाल्दा देख्ने पहिलो कमजोरी हो । यदि हाम्रो समाज कुनै पनि किसिमको भेदभावबाट मुक्त हुन सकेन भने हामीले कहिले पनि स्थायी विकास लक्ष्यहरू हासिल गर्न सक्दैनौं ।

शून्य भेदभाव दिवसको पृष्ठभूमि

थुप्रै शिक्षा हासिल गऱ्यौं हामीले । अहिले २१ औ शताब्दीमा छौं हामी । मानव समुदायले यतिको समय बिताएर आइसक्दा पनि हाम्रो बौद्धिकता अझै हाम्रो समाजमा भएको भेदभावले दर्शाउँदछ । प्राय अरू सामाजिक मुद्दा जस्तो भेदभाव अशिक्षासँग मात्र सम्बन्धित छैन , किनकि हाम्रै समाजमा पनि नियालेर हेर्ने हो भने शिक्षित र अशिक्षितबीचमै भेदभाव बुझ्न सकिन्छ । यो विडम्बनाको विषयलाई विश्वभरिका मानव समुदायको अगाडी प्रश्न बनाएर प्रस्तुत गर्न हरेक वर्षको मार्च १ गते संयुक्त राष्ट्रसंघले शून्य भेदभाव दिवस मनाउने गर्दछ । यो ग्ल्क्ष्म्क को विशेष पहलमा मनाउन सुरु गरिएको दिवस हो ।

ग्ल्क्ष्म्क मुलत एचआइभी पीडितको सहयोगमा केन्द्रित संस्था हो । एचआइभी पीडितसँग सम्बन्धित कडा भेदभाव संसारको लगभग हरेक भागमा अवस्थित भएकाले आजको दिन ती पीडितलाई पनि कसैले भेदभावको नजरले नहेरुन् भन्ने उद्देश्यको साथ ग्ल्क्ष्म्क को पहलमा शून्य भेदभाव दिवस २०१४ देखि मनाउन सुरु गरिएको हो । तर आजको दिनले मुलत एचआइभी पीडितसँग मात्र हैन , समाजमा चलिरहेका अन्य किसिमका भेदभावबारे पनि मानव समुदायलाई सोच्न बाध्य बनाउछ । हामी सबै समान छौं , यो संसारमा मानव मात्र नभई यहाँ बस्ने सबै सजीव निर्जीव वस्तुको उत्तिकै अधिकार रहेको कुरा आजको मानव समुदायलाई बुझाउन खोज्नु जस्तो लज्जित कुरा केही छैन । एकचोटी मनमा हात राखेर मनन गरौँ , के हामीले शून्य भेदभाव गरेका छौ ? या गर्न सक्छौ ? आजको यो दिनको अवसरमा सबैलाई आत्म मनन् गर्न शुभकामना ।

महोत्सवमा सीसी क्यामेराको निगरानी



बिर्तामोड(प्रस)। गत फागुन ५ गतेबाट शुरु भएको बिर्तामोड अन्तर्राष्ट्रिय औद्योगिक व्यापार महोत्सवको २४सै घण्टा सीसी क्यामेराबाट निगरानी भइरहेको छ ।

महोत्सवमा कुनै पनि अप्रिय घटना हुन नदिन सुरक्षा सतर्कता अपनाइएको छ । बिर्तामोड उद्योग वाणिज्य संघले महोत्सव स्थलमा अत्याधुनिक उपकरणसहितको सीसी टिभी जडान गरेसंगै महोत्सव प्रविधिमैत्री बनेको हो । सीसी क्यामेरा मोनिटर इलाका प्रहरी कार्यालय बिर्तामोडमा राखेर निगरानी बढाइएको हो । महोत्सव स्थलमा नेपाल प्रहरी, सशस्त्र प्रहरीलगायतका सुरक्षा निकायले सुरक्षा सतर्कता अपनाएर महोत्सवस्थललाई सुरक्षित बताएको बिर्तामोड उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष एवम् महोत्सव मूल आयोजक समितिका संयोजक राजु न्यौपानेले बताए । उनले भने- 'महोत्सवमा कुनै अप्रिय घटना नहोस् भन्ने हिसाबले हामीले सुरक्षामा राम्रो प्रबन्ध गरेका छौं । ढुक्क भएर महोत्सव अवलोकन गर्न सक्नुहुनेछ ।' महोत्सव सफल बनाउन दिनरात सुरक्षामा खट्ने सुरक्षाकर्मीहरुलाई आयोजकले धन्यवाद दिदैं उनीहरुको प्रशंसा गरेका छन् ।

फागुन १८ गतेसम्म सञ्चालन हुने महोत्सवमा राष्ट्रिय स्तरका चर्चित कलाकारहरुको आगमन हुने भएपछि अवलोकनकर्ताको संख्या दिनप्रतिदिन बढ्दै गएको छ । बिर्तामोड-२ स्थित प्रभु रामचोकमा जारी महोत्सवमा झापासहित इलाम, पाँचथर, ताप्लेजुङ, मोरङ, सुनसरीलगायत जिल्लाका साथै छिमेकी देश भारतबाट समेत अवलोकनकर्ताहरु अवलोकन गर्न आएको आयोजक समितिले जनाएको छ ।

कोरोनाका कारण आर्थिक कारोबारमा मन्दी आइरहेका बेला आर्थिक कारोबारलाई चलायमान बनाउने उद्देश्यले बिर्तामोड उद्योग वाणिज्य संघले व्यापार महोत्सवको आयोजना गरेको हो । व्यापार महोत्सवले प्रदेश १ का कृषि, पर्यटनलगायतका क्षेत्रको प्रचारमा भरपूर सहयोग गरेको जनाइएको छ । यसैबीच बिर्तामोड अन्तर्राष्ट्रिय व्यापार महोत्सवमा डीडी सेक्युरिटी सर्भिसका नागरिक सुरक्षा गार्ड (सुरक्षाकर्मी) हरूले सुरक्षा सेवा प्रदान गरिरहेका छन् । काठमाडौं गुहेश्वरीमा मुख्य कार्यालय रहेको डीडी सेक्युरिटी सर्भिसको प्रदेश १ क्षेत्रीय कार्यालय बिर्तामोडले महोत्सवमा सुरक्षा प्रदान गर्दै आएको हो । बिर्तामोडमा एक वर्ष अधिमात्रै कार्यालय स्थापना भएर सेक्युरिटी सेवा उपलब्ध गराउँदै आएको डीडी सेक्युरिटी सर्भिसले महोत्सवमा ६ जना महिला, ४ जना वरिष्ठ, १ जना सुपरभाइजर गरि ४७ जना गार्डहरू परिचालन गरेको छ । बिर्तामोड कार्यालयअन्तर्गत ८० जना गार्डहरू सुरक्षा सेवामा कार्यरत रहेको डीडी सेक्युरिटी सर्भिसका क्षेत्रीय कार्यालय प्रमुख राज आङदम्वेले बताए ।

डीडी सेक्युरिटी सर्भिसमा भूतपूर्व सेना, प्रहरी र सिभिल गार्डहरू रहेका छन् । बिर्तामोडको विभिन्न बैंक, वित्तीय संस्था, होटलहरूमा गार्ड परिचालन गर्दै आएको डीडी सेक्युरिटी सर्भिसले सेवा सुरु गरेको छोटो अवधिमा आफ्नो पहिचान बनाउन थालेको छ । डीडी सेक्युरिटी सर्भिसले बेला बेला तालिमको आयोजना गरेर गार्डहरू नियुक्त गर्ने गरेको छ । सीसी क्यामेरा, अग्नि नियन्त्रण, रेडियो सेटलगायतका प्राविधिक सीप प्रदान गरेर दक्ष सुरक्षा गार्डहरू तयार पार्दै आएको छ । सुरक्षाभित्र अनुशासन मुख्य विषय रहेकोले पिटी, परेड र हुनसक्ने सम्भावित घटना हुन नदिने जस्ता विभिन्न तालिमहरू डीडी सेक्युरिटी सर्भिसले दिदैं आएको आङदम्बेले बताए । आङदम्वेले भने- 'सुरक्षा गार्डको माग बढ्दो छ । सयौंलाई रोजगारी दिने लक्षका साथ अघि बढेका छौं । हामीले सरकारले तोकेको न्यूनतम पारिश्रमिक दिएका छौं ।' गार्डको तर्फबाट १० प्रतिशत र कम्पनीको तर्फबाट तलबको २० प्रतिशत रकम सामाजिक सुरक्षामा छुट्याइने गरेको छ ।

अक्षयकोषमा आचार्यले दिए एक लाख

बिर्तामोड(प्रस) । नेपाल पत्रकार महासंघ झापाद्वारा स्थापित मोती पत्रकारिता पुरस्कार अक्षयकोषका लागि पूर्व अध्यक्ष केशव आचार्यले एक लाख रुपैयाँ प्रदान गरेका छन् ।

मंगलबार बिर्तामोडमा एक कार्यक्रमका बीच आचार्यले उक्त रकमको चेक महासंघ झापाका अध्यक्ष एकराज गिरीलाई हस्तान्तरण गरे ।

०५३ सालमा आचार्य महासंघको अध्यक्ष हुँदा स्थापित पुरस्कारको अक्षयकोषमा एक लाख रुपैयाँ मात्र थियो । अक्षयकोषको व्याजले पुस्कारको राशि नधान्ने भएपछि महासंघको वर्तमान कार्यसमितिले अक्षयकोषको रकम पाँच लाख पुऱ्याउने निर्णयसहितको प्रस्ताव गत साधारणसभामा पारित गरेको थियो । दाता र महासंघको आन्तरिक स्रोतबाट यसै वर्ष अक्षयकोषको रकम पाँच लाख पुर्याइने अध्यक्ष गिरीले बताए । झापाका अग्रज पत्रकारका रुपमा परिचय बनाएका ७० वर्षीय आचार्यले अक्षयकोषको रकम वृद्धि र पुरस्कारको दिगोपनका लागि सहयोग गरेको बताए । हाल जनआन्दोलन साप्ताहिकका प्रधान सम्पादक एवम् साहित्यमा क्रियाशील आचार्यले नेपालका पहिलो पत्रकार मोतीराम भट्टको स्मृतिमा स्थापित पुरस्कारले नेपाली पत्रकारिताको श्रीवृद्धिमा योगदान गर्दै आएको बताए । उनले महासंघ वर्तमान कार्यसमितिको रचनात्मक कार्यको प्रशंसा समेत गरे ।

महासंघ झापाका अध्यक्ष गिरीले पूर्व अध्यक्ष आचार्यलाई अक्षयकोषमा सहयोगका निम्ति धन्यवाद ज्ञापन गरे । कार्यक्रमको सहजीकरण उपाध्यक्ष केशव भट्टराईले गरेका थिए ।

पुरस्कारको राशि अब एक लाख एक हजार मोती पत्रकारिता पुरस्कारको राशि वृद्धि गरी एक लाख एक हजार एक सय एघार रुपैयाँ पुर्याउने प्रस्ताव गत कात्तिक २५ गते सम्पन्न महासंघको साधारणसभाले पारित गरेको छ । उक्त राशिको पुरस्कार महासंघको आगामी अधिवेशनबाट वितरण हुनेछ ।

एक लाख रुपैयाँमात्र अक्षयकोष रहेको सो पुरस्कारको राशि सुरुमा एक हजार रुपैयाँ थियो । ०७० सालबाट ५१ हजार रुपैयाँ राशि पुर्याइएको थियो । महासंघ झापा शाखाले मोती पत्रकारिता पुरस्कारको अक्षयकोष वृद्धिका लागि आवश्यक रकम सहयोग गर्न इच्छुक पूर्वअध्यक्ष, सञ्चारकर्मी तथा दाताहरुलाई आग्रह गरेको छ ।

त्यस्तै महासंघद्वारा स्थापित केटो पत्रकारिता पुरस्कारको राशि वृद्धि गरी रु. २५ हजार पाँच सय ५५ पुर्याउने समेत प्रस्ताव पारित भएको छ । कोष वृद्धिपछि सोही कोषमार्फत वितरण हुने गरी महासंघले तेस्रो पुरस्कार स्थापनाको प्रस्ताव पनि पारित गरेको छ ।

रु.२५ हजार पाँच सय ५५ राशिको सक्रिय समावेशी पत्रकारिता पुरस्कार स्थापना गर्ने प्रस्ताव पारित भएको हो । आगामी अधिवेशनबाट सो पुरस्कार पनि नियमित वितरण हुनेछ ।

मोती पत्रकारिता पुरस्कार यसरी स्थापना भयो

नेपाली पत्रकारिताको शुरुवातकर्ता मोतीराम भट्टको स्मृतिमा नेपाल पत्रकार महासंघ झापा शाखाले स्थापना गरेको 'मोती पत्रकारिता पुरस्कार' महासंघको अधिवेशनमा प्रदान गरिँदै आएको छ । महासंघ झापा शाखाका तत्कालीन निवर्तमान सभापति गोविन्दचन्द्र क्षेत्री र तत्कालीन सभापति केशव आचार्यको अगुवाईमा कार्यसमितिले स्थापना गरेको उक्त पुरस्कार वितरणका लागि महासंघले एक लाख रुपैयाँको अक्षयकोष स्थापना गरेको हो । पुरस्कारको राशि शुरुमा एक हजार रहेकोमा पछि ५१ हजार रुपैयाँ पुऱ्याइएको छ । मोतीराम भट्टले वि.स. १९४३देखि नेपाली पत्रकारिताको शुरुवात गरेका थिए । उनले नेपाली भाषामा पहिलो पत्रिका 'गोर्खा भारत जीवन' प्रकाशित गरेका थिए । उक्त पत्रिका भारतको बनारसबाट प्रकाशित भएको थियो । मोतीरामकै सक्रियतामा वि.सं. १९५५मा नेपालकै पहिलो पत्रिकाको रुपमा 'सुधासागर' को प्रकाशन शुरु भयो । 'सुधासागर'पछि नेपाली भाषामा नेपालमै प्रकाशित भएको दोस्रो पत्रिका 'गोरखापत्र' हो । झापामा मोतीरामको स्मृतिमा पत्रिकारिता पुरस्कार स्थापना भएकोमा झापाली पत्रकारको रचनात्मक सोच, कार्य र पत्रकारिताको गरिमालाई उच्च बनाउन भएको योगदानको प्रशंसा गर्दै त्यसताका गोरखापत्र दैनिकले सम्पादकीय समेत प्रकाशित गरेको थियो । मोती पत्रकारिता पुरस्कार हालसम्म नकुल काजी, डिल्लीराम निर्भिक, मदन ढकाल, डिकमान विरही, गञ्जबहादुर दाहाल र लीला बराल, चन्द्र भण्डारी र गोविन्दचन्द छेत्रीलाई प्रदान गरिएको छ ।

'केटो' पत्रकारिता पुरस्कार यसरी स्थापना भयो

नेपाल पत्रकार महासंघ झापा शाखाले २०५८ सालमा स्थापना गरेको 'केटो' पत्रकारिता पुरस्कार महासंघको हरेक अधिवेशनमा युवा पत्रकारलाई प्रदान गरिँदै आएको छ । 'केटो' २०१० साल मंसीर १२ गतेदेखि प्रकाशित हुन थालेको झापाको पहिलो पत्रिका हो । मासिक रुपमा प्रकाशित भएको यो पत्रिका मेची अञ्चलकै जेठो मानिन्छ । श्यामकृष्ण उपाध्याय उक्त पत्रिकाको सम्पादक थिए । महासंघ झापा शाखाका तत्कालीन सभापति चिन्तामणि दाहालको कार्यकालमा झापाका जेठा सम्पादक श्यामकृष्ण उपाध्याय र पहिलो पत्रिकाको सम्मानमा 'केटो' पत्रकारिता पुरस्कार स्थापना गरिएको हो । उक्त पुरस्कार पहिलोपटक रामनाथ बाँस्कोटाको कार्यकालमा वितरण शुरु भएको हो । शुरुमा ५ सय रुपैयाँको यो पुरस्कारको राशि पछिल्लो समय १५ हजार रुपैयाँ पुऱ्याइएको थियो । पुरस्कारबाट पत्रकारहरु गोपाल गड्तौला, रमेश समदर्शी राई, तीर्थ सिग्देल, यादव पौडेल र दीपक अधिकारी, डिकेश लामा र गीता ढुंगाना पुरस्कृत भइसकेका छन् ।

प्रतिदिन राष्ट्रिय दैनिक PRATIDIN NATIONAL DAILY
वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PALcreation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०

MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANARMANI-3,BIRTAMODE
मानव डेन्टल
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३०९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

आजको राशिफल

मेष महत्वपूर्ण कामको योजना बन्नेछ । सामाजिक क्षेत्रबाट सफलता पाइएला ।

वृष आज भाग्यले विभिन्न अवसर जुराउनेछ । कुनै कुराले मनमा शान्ति छाउनेछ ।

मिथुन नयाँ रचनात्मक काममा जुट्ने समय छ । धार्मिक क्षेत्रमा रुचि बढ्नेछ ।

कर्कट साझेदारी काममा उल्झन आउन सक्छ । स्वास्थ्य सम्बन्धी चिन्ता बढ्नेछ ।

सिंह ठीक समयमा सही निर्णय लिन सकिनेछ । राजनैतिक क्षेत्रमा सफलता मिल्नेछ ।

कन्या आज धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ । सफल यात्राको योग छ ।

तुला आज अरुलाई प्रभावित पारेर काम बन्नेछ । न्यायिक कार्यमा सफलता मिल्नेछ ।

वृश्चिक सहकर्मीबाट विरोध पनि आउन सक्छ । खर्चसमेत बढ्ने योग छ ।

धनु धैर्य एवं लगनशीलताले अवसर दिलाउनेछ । प्रेम सम्बन्ध अझै कसिलो हुनेछ ।

मकर आज नयाँ अवसरहरू आउनाले मन प्रसन्न रहनेछ । स्वादिष्ट भोजनको यो छ ।

कुम्भ आज पुरानो समस्या सुल्झाउन सकिनेछ । देश र सामाजिक हितमा मन जानेछ ।

मिन मनमा उत्साहको कमी देखिनसक्छ । गरिएको कामबाट लाभ लिन सकिने छैन ।